नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ८०।८१
चलानी नं.:- ५२१

मितिः वि.सं. २०८०/१२/१५
ने.सं. ११४४ चिल्लागा, ३ बिहीबार

विषयः- वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा ।

श्री मन्त्रालय/सचिवालय/आयोग/निकाय/कार्यालय (सबै) ।

तपसिल अनुसारको अध्ययन/तालिम कार्यक्रममा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०८०/१२/१४ मा बसेको ३८८ औं बैठकबाट तपसिल बमोजिमको निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपयुक्त कर्मचारी मनोनयन गरी **मनोनित कर्मचारीको विवरण (अंग्रेजीमा) नाम, पद, कार्यरत संस्था, मनोनयन गरिएको तालिम/ अध्ययनको विवरण, मोवाईल नम्बर र ईमेल ठेगाना अनिवार्य रुपमा उल्लेख गरी** आवश्यक कार्यार्थको लागि **परराष्ट्र मन्त्रालयको उत्तर पूर्व एशिया महाशाखा र email: nea@mofa.gov.np मा यथाशिघ्र** पठाउनुहुन तथा मनोनयन गरिएको **कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य** रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णायानुसार अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित **सेवा, समूह र श्रेणी भित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन** गर्नुहुन अनुरोध छ।

तपसिलः

| क्र. सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | कार्यक्रमको अवधि/फाराम बुझाउने अन्तिम मिति | कार्यक्रम हुने देश / संस्था | आवश्यक योग्यता वा अन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| **1.** | "Dream Together Master" Master's Degree | Not stated | Academic year 2024 / March 30, 2024 | Korea/Seoul National University | • Must be former and current sport administrators or athletes.<br>• Must have Bachelor's degree or higher (in any field)<br>• Must have sufficient command of both spoken and written English.<br>• Potential and passion for sport management<br>• Physically and mentally able to successfully complete the program.<br>For more details: https://dtm.snu.ac.kr<br>For General Questions: Email: snugsm@snu.ac.kr<br>For submission of Documents: | सबै निकायलाई खुला गर्ने । |

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ८०/८१

(जनशक्ति योजना तथा विकास शाखा)

चलानी नं.:- ५२१

Email: snugsmadmission@gmail.com

*नोटः परराष्ट्र मन्त्रालयको मिति २०८०/१२/१२ को प्राप्त पत्र र पत्रसाथ प्राप्त कागजात यसै साथ संलग्न गरिएको छ।*

२०८०/१२/१५

(प्रियंका ओझा)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सं.मा.त.सा.प्र.म.: वेबसाइटमा अपलोड गरिदिनुहुन ।

प्र-वि-ज यो-वि म
११३
१२/१२

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

(उत्तर पूर्व एसिया महाशाखा)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३८९५
दर्ता मिति:- १२/१२

प.सं.उपूए/RoK-6/२०८०/८१
च.नं. १०६२

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

मिति: २०८०/१२/१२
२५ मार्च २०२४
ने.सं. ११४४ चिल्लाथ्व पुन्हि सोमबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार।

विषयः छात्रवृत्ति सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा आगामी अगस्त २०२४ देखि सञ्चालन हुने गणतन्त्र कोरियाको Seoul National University द्वारा सञ्चालित Master's Degree Program को "Dream Together Master" छात्रवृत्तिमा सिधै आवेदन दिन र त्यसको बोधार्थ राजदूतावासलाई यही मार्च ३०, २०२४ सम्ममा दिन अनुरोध गर्दै आवेदनसँग सम्बन्धित गाईडलाईन, ब्रोसर र आवेदन फर्मसमेत संलग्न गरी काठमाडौंस्थित गणतन्त्र कोरियाको राजदूतावासको नं GKK 55 (2K24), मितिः मार्च १८, २०२४ को को नोटसाथ उल्लिखित कागजातहरु प्राप्त भएकोले त्यहाँको जानकारी एवं आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

(जानकी ओझा)
शाखा अधिकृत